
# लेखापरीक्षण प्रतिवेदन

# बनगाड कुपिण्डे नगरपालिका, सल्यान

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## बनगाड कुपिण्डे नगरपालिका, सल्यान

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/155

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,

बनगाड कुपिण्डे नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

सल्यान।

**कैफियतसहितको राय**

हामीले बनगाड कुपिण्डे नगरपालिका, सल्यानको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१.पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेस गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवदेन (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३ करोड ७३ लाख १ हजार, स्थानीय तह प्रशासकीय भवन पुर्वाधारको रु.३६ लाख ७६ हजार र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. १२ लाख समेत गरी रु. १४ करोड २१ लाख ७७ हजार समावेश गरेको छैन।

२.पालिकाको रु. १ अर्व ४४ करोड २८ लाख ७४ हजार लेखापरीक्षण गरिएकोमा रु. ६३ लाख ६८ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु. १५ हजारको प्रतिक्रियाबाट फस्र्यौट भई रु. ६३ लाख ५३ हजार बेरुजु कायम भएको छ । बाँकी बेरुजुमध्ये असुल गर्नुपर्ने रू. २ लाख ३० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २७ लाख १८ हजार, नियमित गर्नुपर्ने रु. २६ लाख २४ हजार र पेश्की बेरुजु रु. ७ लाख ८१ हजार रहेको छ। गत वर्षसम्म रु. १८ करोड ११ लाख २७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१८ करोड ७४ लाख ७९ हजार रहेको छ। पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटीका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

#### चालु आर्थिक वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७८ | ३९ | ६३,६८,०९८ | ० | ६ | १५,३०० | ० | ७८ | ३३ | ६३,५२,७९८ | २,३०,०१२ | २६,२४,२३४ | २७,१७,५५२ | ० | ० | ५३,४१,७८६ | ७,८१,००० |

#### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सल्यान | १८,११,२७,००० | ० | ० | १८,११,२७,००० | ० | ६३,५२,७९८ | १८,७४,७९,७९८ |

#### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५४ | बैठक भत्ता | १५,३०० |
| जम्मा | | | | १५,३०० |

# (८०६६०४०१३०० - बनगाड कुपिण्डे नगरपालिका, सल्यान )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :**-स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १२ वडा, ६४ सभा सदस्य, ३३८.२१ वर्ग किलोमिटर क्षेत्रफल तथा ३६ हजार ५२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :**- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :**- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०७।२८ देखि २०८१ ।०९।०६ सम्म रहेको छ ।

रह

**(घ) लेखापरीक्षण विधि :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :**- कार्यालयको आय व्ययतर्फ रु. १ अर्ब ४४ करोड २८ लाख ७४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । उक्त रकमको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :**- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :**- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.६,७५०/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बैठक भत्ता बढी भुक्तानी बापतको दाखिला | २५५० |
| २ | पारिश्रमिक कर बापतको दाखिला | ४२०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

२.१ **वित्तीय प्रतिवेदन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | |
|---|---|---|
| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | |
| क्र.सं. | विवरण | रकम |
| १ | कर | १२,१७,४३,७८०/६८ |
| २ | अनुदान | ४१,१५,४९,०५६/३० |
| ३ | अन्य राजस्व | ७६,४१,३४४/९७ |
| **क** | **कुल जम्मा प्राप्ति** | **५४,०९,३४,१८१/९५** |
| **१** | **चालु** | **३६,४३,९६,५५१/५०** |
| १.१ | पारिश्रमिक / सुविधा | २०,४३,३३,९०९/५० |
| १.२ | मालसामान तथा सेवाको उपयोग | १४,७१,६१,२७६/- |
| १.४ | सामाजिक सुरक्षा | ८४,२६,९४८/- |
| १.५ | अन्य खर्च | ४४,७४,४१८/- |
| **२** | **पूंजीगत** | **१९,३३,५४,१०३/-** |
| २.१ | भवन तथा संरचना | ४,२७,८९,९४४/- |
| २.२ | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ७५,८६,२९६/- |
| २.३ | अन्य पूँजीगत खर्च | २१,५४,१६२/- |
| २.४ | सार्वजनिक निर्माण | १३,१५,८६,९८१/- |
| २.५ | निर्मितसरचनाको सुधार खर्च | ३१,५५,५३९/- |
| २.६ | पूँजीगत सुधार खर्च | ६०,८१,१८१/- |
| **ख)** | **कुल जम्मा भुक्तानी** | **५५,७७,५०,६५४/५०** |
| **ग)** | **बचत /कमी (ग = क-ख )** | **(१,६८,१६,४७२/५५)** |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | -४६,३६६.०२ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (१,६८,६२,८३८.५७) |
| **च)** | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | **१८,५२,०९,२७४/६३** |
| **छ)** | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( छ= ङ+च)** | **१६,८३,४६,४३६/०६** |

कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा प्राप्त

| **बजेटउपशिर्षक** | **कार्यक्रम** | **वार्षिक बजेट** | **निकासा** | **खर्च** |
|---|---|---|---|---|
| ३१४०१०१२३ | सामाजिकसुरक्षा तथा संरक्षण | १३८५६६९६० | १३७३००६६६ | १३७३००६६६ |
| ३४०००१०५३ | स्थानीयतह प्रशासकीय भवन पुर्वाधार | ५०००००० | ३६७६३६७ | ३६७६३६७ |
| **जम्मा** | | **१४३५६६९६०** | **१४०९७७०३३** | **१४०९७७०३३** |

प्रदेश लेखा इकाईबाट निकासा प्राप्त

| बजेटउपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३१४०००११३ | आन्तरिकमामिला तथा कानून मन्त्रालय | १७००००० | १२००००० | १२००००० |
| **जम्मा** | | **१७०००००** | **१२०००००** | **१२०००००** |

२.२ **वित्तीय विवरणको यथार्थता** : पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १३,७३,००,६६६/-, स्थानीय तह प्रशासकीय भवन पुर्वाधारको रु. ३६,७६,३६७/- र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. १२,००,०००/- समेत गरी रु. १४,२१,७७,०३३/- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाव** : यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. ३,५९,००७/४७, यस वर्षको प्राप्ति रु. १६,९४,४१,९९२/७५, यस वर्षको भुक्तानी रु. १७,२५,३६,२६६/७२ र बाँकी मौज्दात रु. २७,३५,२६६/५० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बाँकी मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | १८५५६८२८२.१० | ७१०३७६१७४.७० | ७३०२८६९२१.२२ | १६५६५७५३५.५८ |
| सुत्र अनुसारको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १८५२०९२७४.६३ | ५४०९३४१८१.९५ | ५५७७५०६५४.५० | १६८३९२८०२.०८ |
| **फरक** | **३५९००७.४७** | **१६९४४१९९२.७५** | **१७२५३६२६६.७२** | **२७३५२६६.५०** |

२.४ **बैङ्क हिसाव विवरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाको वित्तीय विवरण अनुसार श्रेस्ता र बैङ्क मौज्दात विवरण देहाय अनुसार रहेको छ ।

| खाता | स्रेस्ता अनुसारमौज्दात रु. | बैङ्कस्टेटमेन्ट अनुसारको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| आन्तरिक राजस्व खाता (ग १-१) | | | ० |
| स्थानीय तह बिभाज्य कोष (ग ६-१) | १३३१५१६ | १३३१५१६ | |
| चालू खर्च खाता- विजोर वर्ष (ग २-१) | | | ० |
| पुँजीगत खर्च खाता- विजोर वर्ष (ग २-३) | | | ० |
| स्थानीय तह सञ्चित कोष खाता (ग ४-१) | १४५०९१६३४ | १४५०९१६३४ | ० |
| स्थानीय तह धरौटी खाता (ग ३-१) | १२०८५७२८ | १२०८५७२८ | ० |
| विविध खर्च खाता (ग२-७) | १३००३८८ | १३००३८८ | ० |
| स्थानीय तह विविध कोष खाता (५-१) | २४७६००० | २४७६००० | ० |
| प्रकोप व्यवस्थापन कोष खाता (ग ७-२) | ६०६११७० | ६०६११७० | ० |
| **जम्मा** | **१६८३४६४३६** | १६८३४६४३६ | **०** |

२.५ **शसर्त अनुदान फिर्ता :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय तथा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार संघिय सशर्त अनुदान तर्फ रु.२,११,३६,१७५।७० र प्रदेश सशर्त अनुदानतर्फ रु. ३,६३,९६६/- खर्च नभई बाँकी रहेकोमा पालिकाले २०८१/४/३ मा संघतर्फको रु.२,००,७१,४२३।७० र २०८१/७/८ मा प्रदेश तर्फको रु. ३,६३,९६६/- समेत रु.२,०४,३५,३८९।७० फिर्ता गरेको देखिन्छ। संघिय अनुदानतर्फको रु. १०,६४,७५२/- फिर्ता गर्न बाँकी रहेकोमा खर्च नभई बाँकी रहेको संघिय अनुदान वापतको रकम फिर्ता गरेको प्रमाण पेश हुनुपर्ने रु.

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | खर्च नभई बाँकी | फिर्ता रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २७५३६६०००.०० | २५४४३८७७३.३ | २०९२७२२६.७० | |
| | विषेश | ६०८५९७२.०० | ५९०५०१४ | १८०९५८.०० | |
| | समपुरक | १८५४६५१.०० | १८२६६६० | २७९९१.०० | |
| **जम्मा** | | **२८३३०६६२३.००** | **२६२१७०४४७.३०** | **२११३६१७५.७०** | **२००७१४२३.७०** |
| प्रदेश सरकार | शसर्त | २४२२२८२९.०० | २४०७८७८७ | १४४०४२.०० | |
| | विषेश | ३३११११५९.०० | ३१९८२६८ | ११२८९१.०० | |
| | समपुरक | ६४२८५८७.०० | ६३२१५५४ | १०७०३३.०० | |
| **जम्मा** | | **३३९६२५७५.००** | **३३५९८६०९.००** | **३६३९६६.००** | **३६३९६६.००** |
| **कुल जम्मा** | | **३१७२६९१९८.००** | **२९५७६९०५६.३०** | **२१५००१४१.७०** | **२०४३५३८९.७०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,६४,७५२ |

२.६

**बजेट पेश पारित र अख्तियारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०/३/१० मा रु. ७६ करोड ७७ लाख २६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०/३/११ मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले मिति २०८०/४ /१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।ऐनले तोकेको समय भित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी बजेट कार्यान्वियन गरिनु पर्दछ ।

२.७ **खर्च बिश्लेषणः** नगरपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. ६४,७३,४४५/- राजस्व बाँडफाँटबाट रु. १२,०९,३८,२९३/- र अनुदानबाट रु. ३८,६१,६४,६२३/- समेत रु.५१,३५,७६,३६१/- आम्दानी भएकोमा गत वर्षको मौज्दात समेतबाट चालु तर्फ रु.३६,४३,९६,५५१/- र पूँजिगत तर्फ रु. १९,३३,५४,१०३/- समेत रु. ५५,७७,५०,६५४/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१६ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. ८९ लाख ५२ हजार खर्च भएको छ जुन आन्तरिक आयको १३८.२८ प्रतिशत बढी रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७०.९५ प्रतिशत चालु र ३७.६५ प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३ **उपभोक्ताको काम**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउँदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको, विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको, प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

३.१ **निर्माण कार्यको गुणस्तर** : उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्ने, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध, गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर यस नगरपालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ ।

३.२ **उपभोक्ता समितिको बिल भरपाई** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।यो वर्ष नगरपालिकाले उपभोक्ता समितिबाट सम्पन्न भएका अधिकांश योजनामा प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको देखियो। उपभोक्ता समितिले प्राविधिक नापी तथा उपभोक्ताको बिल पेश गर्दा आंशिक रुपमा मात्र डोर हाजिरी तथा खर्चका बिल भरपाई संलग्न गरी पेश गर्ने गरेको देखियो।नियमावलीमा भएको व्यवस्था अनुरूप उपभोक्ता समितिले खर्चको बिल भरपाई उक्त समुहको वैठकबाट समेत अनुमोदन गर्ने गरेको देखिएन।यस सम्बन्धमा फिल्डमा गई प्राविधिकले पेश गर्ने वास्तविक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्ने गरेको नगरपालिकाले जानकारी दिएतापनि योजनामा प्रयोग भएका सामग्री खरिदको समेत बिल पेश नहुँदा नापी अनुसारको वास्तविक परिमाण र लागत कै सामान प्रयोग भयो भनि आश्वस्त हुन सक्ने अवस्था रहेन । गत विगत वर्षका प्रतिवेदनहरुमा समेत यस सम्बन्धमा सुझाव दिँदै आएकोमा यस अवस्थामा सुधार भएको देखिएन ।

३.३ **प्राविधिक बिल** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधिकले उपभोक्ता समितिको बिल बनाउँदा वास्तविक कार्यसम्पादनमा आधारित भएर बनाउनुपर्दछ।

३.४ **आइटम वाइज योगदान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३ क१) मा साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्ने व्यवस्था रहेकोमा पालिकामा पेश भएको कार्यसम्पन्न प्रतिवेदनमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्नेमा एकमुष्ठ कार्यसम्पन्न प्रतिवेदनमा मात्र उपभोक्ता समितिले पुर्याउनु पर्ने योगदानको अंश पुर्याएको कार्य सम्पन्न प्रतिवेदनबाट देखिन्छ।अत: नियमावलीमा भएको व्यवस्था अनुसार साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा उपभोक्ता समितिले निर्माण कार्यको प्रत्येक इकाईमा अनिवार्य योगदान हुनुपर्दछ।

## ४ कर्मचारी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन ।पालिकाले सब इन्जिनियर रिक्त पद १ र असिस्टेन्ट सब इन्जिनियर रिक्त २ पद गरी ३ पदहरूमा मिति २०८०।०९।०३ मा माग आकृति फाराम भरी लोक सेवा आयोगमा पठाएको देखिन्छ। पालिकाले यस वर्ष तपशिलका पदमा कर्मचारी करारमा राखी रु.२६,१३,८८४/- भुक्तानी गरेको पाइयो।कार्यबोझको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी कानुन बमोजिम पारदर्शी हिसाबले कर्मचारी नियुक्ती गरी तलब भत्ता खर्च लेख्नुपर्नेमा पालिकाले सो अनुसार गरेको पाइएन । ऐनको व्यवस्था विपरित करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| **क्र.स** | **पद** | **कर्मचारीसंख्या** | **वार्षिक खर्च रकमरु.** |
|---|---|---|---|
| १ | सब इन्जिनियर | १ | ४५१४९० |
| २ | असिस्टेन्ट सब इन्जिनियर | ३ | १२८३१७८ |
| ३ | कम्प्युटर अपरेटर | १ | ४५१४९० |
| ४ | अमिन | १ | ४२७७२६ |
| | **जम्मा** | | **२६१३८८४** |

| | |
|---|---|
| अनियमित भएको | २६,१३,८८४ |

५ **पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन,२०७७ जारी गरेको छ ।उक्त ऐनमा भएको ब्यवस्था अनुसार यस पालिकाबाट आ.व. २०८०/८१ मा देहाय अनुसार रु. ८९ लाख ५२ हजार सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख | उपप्रमुख | वडाअध्यक्ष १२ जना | कार्यपालिका सदस्य ७ जना | सभाका सदस्य ४१ जना | जम्मा ६२ जना |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | १५०० | १५०० | १५०० | १५०० | १५०० | |
| २ | यातायात खर्च | १२००० | १२००० | | | | |
| ३ | टेलिफोन,मोबाइल | ३००० | ३००० | ३००० | १५०० | १००० | |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ३००० | ३००० | ३००० | १५०० | १००० | |
| ५ | अतिथि सत्कार | ५००० | ५००० | | | | |
| ६ | खानेपानी/बिजुली/ सरसफाई | ५००० | ४००० | २००० | १५०० | ५०० | |
| ७ | चाडपर्व खर्च | १५००० | १५००० | १५००० | १५००० | १५००० | |
| ८ | विदुत तथा उर्जा खर्च | ४००० | ३००० | १००० | ५०० | ५०० | |
| ९ | अनुगमन | १८००० | १४००० | ८००० | ५००० | २५०० | |
| | **जम्मा** | **४७१०००** | **३९९०००** | **३३४८०००** | **८२८०००** | **३९०६०००** | **८९५२०००** |

६ **खरिद व्यव्स्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले बार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस नगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १९ करोड ३३ लाख ५४ हजार पूँजीगत खर्च गरेको छ । तर नगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

७ **नागरिक वडापत्र**

सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ को नियम १४ बमोजिम सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यलायले त्यस्तो कार्यालयको परिसरभित्र सबैले देख्ने उपयुक्त ठाउँमा नागरिक वडापत्र राख्नुपर्ने व्यवस्था छ। पालिकाले पालिकाको परिसरभित्र नागरिक वडापत्र राखेको देखिएन।नियमावलीको व्यवस्था बमोजिम कार्यालयको परिसरभित्र सबैले देख्ने गरी उपयुक्त ठाउँमा नागरिक वडापत्र राखिनुपर्दछ।

८ **आचारसंहिता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११२ को उपदफा (२) मा निजी स्वार्थ वा हकहित जोडिएका विषयमा संलग्न हुन नहुने, पारदर्शी,जवाफदेही कार्य प्रक्रियाको अवलम्वन गर्ने, सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्न नहुने लगायत व्यहोरा समेतको आचारसंहिता बनाई लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म यस्तो आचारसंहिता बनाई लागू गरेको छैन । पालिकाले आचारसंहिता बनाई लागुगर्नुपर्दछ।

९ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८५ मा रू.१० लाख सम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष खरिद खरिद योजना नबनाइ देहायका खरिद कार्य सोझै खरिद गरेको देखिन्छ।आवश्यकता पहिचान गरी ऐनको ब्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| **भौ.नं. रमिति** | **कामको विवरण** | **निर्माणव्यवसायी/परामर्शदाता** | **खर्च रकम** |
|---|---|---|---|
| ४५/२०८०/११/१८ न.पा. पुँजीगत | फर्निचर खरिद | श्रेया इन्टेरियर इण्डस्ट्रिज | ९९७५०७ |
| ४७/२०८०/११/१८ न.पा. पुँजीगत | फर्निचर खरिद | एस.एस. फर्निचर उद्योग | ७२६९९८ |
| ४८/२०८०/११/२१ न.पा. पुँजीगत | कार्यालय भवनमा पावर बैंक प्याकेज जडान | नेटकम सोलुसन एण्ड अफिस अटोमेशन सप्लायर्स | ९९८४९० |
| ६४/२०८०/१२/२० न.पा. पुँजीगत | नेटवर्किङ्ग | आर टेकसप्लायर्स | ९९८३२१ |
| २४८/२०८१/३/२२ न.पा. पुँजीगत | कम्प्युटर खरिद | बागेश्वरी कम्प्युटर सप्लायर्स | ६१००१४ |
| ८७६/२०८१/३/२२ न.पा. चालु | | | |
| ४५/२०८१/३/२२ संघिय शसर्त पुँजीगत | | | |
| **जम्मा** | | | **४३३१३३०** |

१० **एज बिल्ट नक्शा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिम एज बिल्ट नक्शा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ ।त्यसैगरी खरिद सम्झौताको एससिसि ७१.२ मा निर्माण व्यवसायीले एज विल्ट नक्शा पेश नगरेमा अन्तिम बिल भुक्तानी गर्दा देहाय अनुसारको रु. १०५०००० रकम रोक्का राखेर मात्र भुक्तानी गरिनेछ भन्ने प्रावधान राखेकोमा यस वर्ष कार्य सम्पन्न गरी अन्तिम बिल भुक्तानी लिएका देहायका निर्माण कार्यको एज बिल्ट नक्शा पेश नगरेको अवस्थामा उक्त निर्माण व्यवसायीको बिलबाट सो रकम रोक्का नराखी सबै रकम भुक्तानी दिएको देखिन्छ । खरिद नियमावली बमोजिम पेश गर्नु पर्ने एज बिल्ट नक्शा पेश नगरेको र खरिद सम्झौता बमोजिम रोक्का राख्नुपर्ने रकम रोक्का नगरेको हुँदा एज बिल्ट नक्शा पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु.

| क्र.सं. | कार्यविवरण | निर्माणव्यवसायी | हालसम्म भुक्तानी | होल्ड गर्नु पर्नेरु. |
|---|---|---|---|---|
| १ | नगरपालिकाप्रशासनिक भवन | एशोसियट जयभवानी जे.भी. | ५१०६६६८६ | ५०००० |
| २ | आँपचौरमाझकाँडा थापाचौर सडक | कुमाखनिर्माण सेवा | १९०७५७७ | १००००० |
| ३ | औलबेशीस्वास्थ्यचौकी भवन | न्यू नेपालविल्डर्स सेवा एण्ड सप्लायर्स | ४६४२३७१ | १००००० |
| ४ | नगरपालिकागेट स्ल्याब तथा वाल निर्माण | लक्कीनिर्माण सेवा | ४६५१६३७ | १००००० |
| ५ | नाथेखोलाबाझकोट सहिदगेट सडक | एम विबिल्डर्स | ६०७४८७८ | १००००० |
| ६ | माझखर्कसल्लेखर्क दुमरखोला सडक | भण्डारीकन्स्सट्रक्सन | १७७१४७० | १००००० |
| ७ | वडा नं. २कार्यालय भवन | बालानब्रदर्श कन्स्ट्रक्सन | ५१७००९८ | १००००० |
| ८ | सुनौलीमैदु पोखरी कुइरेपानी सडक | विवेकबिशाल कन्स्ट्रक्सन | ६३४५२०५ | १००००० |
| ९ | त्रिभुवनजनता मा वि भवन निर्माण | इम्बरकन्स्ट्रक्सन एण्ड मल्टी प्रपोज | २१३७०३१ | १००००० |
| १० | प्रभाकर मावि भवन निर्माण | ए एण्ड बिविल्डर्स | ५९०५०१४ | १००००० |
| ११ | ढोरपाटनटाटके पुछाला सडक | एस आरकन्स्ट्रक्सन | ३६८३१९१ | १००००० |
| **जम्मा** | | | **९३३५५१५८** | **१०५००००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,५०,००० |

११ **बिल भरपाई**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी निर्माण कार्यको बिओक्यूमा प्रोभिजन सम वापत राखेको रकम भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनका आधारमा भुक्तानी गर्नु पर्दछ। देहायका खरिद सम्झौताको बिओक्यूमा प्रोभिजनल समको रुपमा राखी भुक्तानी गरिएको देहायको रकमको खर्च प्रमाणित गर्ने बिल भरपाई पेश गरको देखिएन । बिल भरपाई बेगर भुक्तानी गरेको उक्त रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

| क्र.सं. | निर्माण कार्य | निर्माणव्यवसायी | कामको विवरण | भुक्तानी रकम रु. |
|---|---|---|---|---|
| १ | नगरपालिकाप्रशासनिक भवन | एशोसियट जयभवानी जे.भी. | निर्माणसामग्रीको गुणस्तर परीक्षण | १३५०३४ |
| २ | वडा नं. ३कार्यालय भवन | बालानब्रदर्श कन्स्ट्रक्सन | निर्माणसामग्रीको गुणस्तर परीक्षण | ५००० |
| ३ | सुनौलीमैदु पोखरी कुइरेपानी सडक | विवेकबिशाल कन्स्ट्रक्सन | निर्माणकार्यको बिमा | ४४७३१ |
| **जम्मा** | | | | **१८४७६५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८४,७६५ |

१२ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा

दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार देहायका १८ वटा खरिद सम्झौताको म्याद थप गरिएको मध्ये ७ वटा सम्झौताको म्याद शुरु सम्झौता अवधिको पचास प्रतिशतसम्म, ७ वटा खरिद सम्झौताको म्याद शुरु सम्झौता अवधिको शतप्रतिशतसम्म र ४ वटा खरिद सम्झौताको म्याद शुरु सम्झौता अवधिको शतप्रतिशत भन्दा बढी अवधि म्याद थप गरेको देखिन्छ । पालिकाले खरिद सम्झौताको म्याद थप गर्दा नियमावलीले तोकेका कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्दछ ।

| **क्र.सं.** | **कार्यक्रमको नाम** | **म्याद थप अवधि** | | |
|---|---|---|---|---|
| १ | १५ सैयाको नगर अस्पताल निर्माण | पचासप्रतिशतसम्म | | |
| २ | वडा कार्यालय भवन निर्माण वडा नं २ | | शतप्रतिशत | |
| ३ | वडा कार्यालय भवन निर्माण वडा नं ३ | | शतप्रतिशत | |
| ४ | वडा कार्यालय भवन निर्माण वडा नं १० | | शतप्रतिशत | |
| ५ | वडा कार्यालय भवन निर्माण वडा नं ११ | | | शतप्रतिशत भन्दा बढी |
| ६ | भेरी आ वि गहरा भवन निर्माण | | शतप्रतिशत | |
| ७ | दिपेन्द्र आ वि कौछे भवन निर्माण | | शतप्रतिशत | |
| ८ | गिठाचौर जयतपानी सडक निर्माण | | शतप्रतिशत | |
| ९ | नगरपालिकाको प्रशासकीय भवन निर्माण | | | शतप्रतिशत भन्दा बढी |
| १० | देवस्थल नाम्रा धारागाउ पोखरा औलवेशी बामे सडक | | | शतप्रतिशतभन्दा बढी |
| ११ | औलवेशी स्वास्थ्य चौकी भवन निर्माण | | शतप्रतिशत | |
| १२ | सरस्वती प्रा विफुर्केसल्ली भवन निर्माण | पचासप्रतिशतसम्म | | |
| १३ | कुपिण्डे गाउ बयाले खालीखोला रातामाटा सडक | पचासप्रतिशतसम्म | | |
| १४ | गरा बाघमारे उखेता सडक | पचासप्रतिशतसम्म | | |
| १५ | नगरपालिका मुकाम तारुपारे सिद्धगुफा सतिपोले देउली सडक | पचासप्रतिशतसम्म | | |
| १६ | आ वि घर्तीगाउ भवन निर्माण | पचासप्रतिशतसम्म | | |
| १७ | ढोरपिपल रजाईखोला थापाचौर सडक | पचासप्रतिशतसम्म | | |
| १८ | नगरपालिका परिसरमा रिटेनिङ वाल वाल सडक सल्याब गेट निर्माण | | | शतप्रतिशत भन्दा बढी |

## १३ अधुरा आयोजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान

गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष देहायअनुसार ४ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| क्र.सं. | निर्माण कार्य | निर्माण व्यवसायी | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | भौतिक प्रगति % |
|---|---|---|---|---|---|
| १ | १५ सैयाको नगर अस्पताल निर्माण | ग्राण्ड डिजाइन एण्ड कन्स्ट्रक्सन प्रा लि | २०७९।०३।०१ | २०८१।०३।२० | २५ |
| २ | वडा कार्यालय भवन निर्माण वडा नं १० | बालन ब्रोदर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २०८०।०८।१८ | २०८१।०१।३० | ८० |
| ३ | वडा कार्यालय भवन निर्माण वडा नं ११ | बालन ब्रोदर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २०८०।०८।१८ | २०८१।०१।३० | ० |
| ४ | गिठाचौर जयतपानी सडक निर्माण | गिठाचौर जयतपानी सडक निर्माण | २०८१।०२।१८ | २०८१।०३।१५ | ० |

## १४ निर्माण स्थलको व्यवस्था

सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ६(३) बमोजिम सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई, निर्माणस्थलबाट हटाउनुपर्ने रुख बिरुवा लगाएतका संरचना हटाउने सुनिश्चतता नभई, मुआब्जा वा क्षतिपुर्ति वितरण गर्नुपर्नेमा सोको लागी बजेटको सुनिश्चता नगरी तथा प्रचलित कानुन बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आह्वान गर्न नहुने व्यवस्था छ । पालिकाले देहायका निर्माणकार्यहरुको खरिद सम्झौता बमोजिमको निर्माण कार्य खरिद सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसक्नुको कारण निर्माण स्थलमा विवाद भई अबरुद्ध भएको र बाटो अवरुद्ध जनाई खरिद सम्झौताको म्याद थप गर्ने गरेको देखियो । नियमानुसारको पुर्वतयारी नगरी बोलपत्र आह्वान गरेका कारण तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन सकेको देखिएन । निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आह्वान गर्ने कार्यमा नियन्त्रण हुनुका साथै पूर्व तयारी गरेर मात्र बोलपत्र आह्वान गर्नु पर्दछ ।

| क्र.सं. | कार्यविवरण |
|---|---|
| १ | वडा नं. २कार्यालय भवन |
| २ | वडा नं. ३कार्यालय भवन |
| ३ | वडा नं. १०कार्यालय भवन |
| ४ | वडा नं. ११कार्यालय भवन |
| ५ | गरा बाघमारे उखेता रातामाटे सडक |
| ६ | ढोरपिपल रजईखोला थापाचौर सडक |

## १५ पेश्की जमानत

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) बमोजिम पेश्की जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्छ्यौट गर्नुपर्ने अविधिभन्दा कम्तीमा एक महिनाभन्दा बढी अवधिको हुनु पर्ने व्यवस्था छ । वडा नं. ११ को कार्यालय भवन निर्माण कार्यका निर्माण व्यवसायी बालन ब्रदर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्सले पेश गरेको पेश्की जमानतको म्याद २०८१/१/२६ सम्ममात्र रहेको छ । भौ. नं. ३४/२०८०/१०/१५ बाट दिएको पेश्की रु. ५,८१,०००/- हालसम्म फर्छयौट भएको देखिएन । जमानतको म्याद समाप्त भैसकेकाले उक्त पेश्की रकम जोखिममा परेको देखिन्छ । पेश्की जमानतको म्याद थप गर्न लगाइ जमानत रकम जफत हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,८१,००० |

## १६ योजना तथा वजेट कार्यान्वयन

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. १९ करोड ३३ लाख ५४ हजार भएकोमा प्रथम त्रैमासिकमा रु. १२ लाख ७६ हजार, दोश्रो त्रैसिकमा रु. १ करोड ५० लाख ९९ हजार, तेश्रो त्रैमासिकमा रु. ३ करोड ४० लाख २६ हजार र चौथो त्रैमासिकमा रु. १४ करोड २९ लाख ५२ हजार खर्च गरेको छ । उक्त खर्च मध्ये असार महिनामा मात्रै रु. १० करोड ११ लाख ३ हजार खर्च भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको खरिद कार्य गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. १९ करोड ३३ लाख ५४ हजारको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ६ करोड १३ लाख ६९ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ८ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण नगरपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ नगरपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

१७ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागी क्षेत्रगतरुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च (प्रतिशतमा)** |
|---|---|---|---|
| आर्थिक विकास | ४३२४६००० | २६१८६३४४ | ६०.५५ |
| सामाजिक विकास | ३८३०६०००० | ३०७७५३९३० | ८०.३४ |
| पूर्वाधार विकास | १८६६३०००० | १०४५५२१११ | ५६.०२ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १५८९०००० | ९४३६११३ | ५९.३८ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १७७२१८८८९ | १०९८२२१५६ | ६१.९७ |
| **जम्मा** | **८०६०४४८८९** | **५५७७५०६५४** | **६९.१६** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये ६९.१६ प्रतिशत खर्च भएको छ । क्षेत्रगतरुपमा हेर्दा सामाजिक क्षेत्र वाहेक अन्य क्षेत्रमा बजेट खर्च न्यून भएको देखिन्छ ।

१८ **योजनाको प्राथमिकीरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी, दीगो विकास र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार कुल २१३ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका | रु.५ लाख देखि २० लाख सम्म | रु.५लाख भन्दा कम |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ८१ | १६ | ४६ | १९ |
| २ | वडास्तरीय | १३२ | ० | ६ | १२६ |
| **जम्मा** | | **२१३** | **१६** | **५२** | **१४०** |
| **कार्यान्वयनभएका योजना** | | १९ | ० | १४ | ५ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । स्वीकृत योजना मध्ये १९ योजना कार्यान्वियन नभई बाँकी रहेको देखिन्छ । समयमा खरिद कारबाही नहुनु र बजेट अनिश्चितता तथा तोकिएको समय तालिका अनुसार बजेट निकासा नभएका कारण उक्त योजनाहरु कार्यान्वियन नभएको कार्यालयको भनाई रहेको छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## १९ चौमासिक प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने, स्थानीय सञ्चित कोषमा भएको आय–व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन । ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।

## २० बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार समिति गठन गरेको छैन । समिति गठन नगरिँदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## २१ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत: बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## २२ सार्वजनिक सम्पत्तिको रेखदेख

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा नगरपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत

सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

२३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२४ **सवारी साधन र मेशिनरीको मर्मत अभिलेख**

सवारी साधन र मेशिनरी औजारको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गर्नु पर्ने र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यावधिक गरी राखेको छैन । म.ले.प फारमले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्धति लागु गर्नु पर्दछ ।

२५ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यी आय शीर्षकमा आय अनुमान र असुली स्थितिको विवरण प्राप्त गर्न सकिएन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२६ **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ बिभिन्न शीर्षकमा अनुमानित रु. १ करोड प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. ९१ लाख ६२ हजार (९१.६२ प्रतिशत) प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिन आवश्यक देखिएको छ ।

| क्र.सं. | आम्दानी शीर्षक | वार्षिकअनुमानित आय | आम्दानी | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पती कर | ०.०० | २५३७५.०० | १०० |
| २ | भुमिकर/मालपोत | १००००००.०० | १०७५५९७.२६ | १०७.५५ |
| ३ | वहाल कर | ५०००००.०० | ७९२८४६.३८ | १५८.५७ |
| ४ | सवारी साधनकर (साना सवारी) | ०.०० | २८००.०० | १०० |
| ५ | अन्य कर | ०.०० | ३३१४६.०० | १०० |
| ६ | सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | ०.०० | ३४१९००.०० | १०० |
| ७ | पर्यटनशुल्क | १००००००.०० | ३८१९००.०० | ३८.१८ |
| ८ | न्यायिकदस्तूर | ०.०० | ४८००.०० | १०० |
| ९ | परीक्षाशुल्क | ०.०० | १२७३००.०० | १०० |
| १० | अन्यप्रशासनिक सेवा शुल्क | २५००००००.०० | १०३८५००.०० | ४१.५४ |
| ११ | नक्सापासदस्तुर | १०००००.०० | ९४२८८.५१ | ९४.२९ |
| १२ | सिफारिशदस्तुर | २४००००००.०० | १०९२१०७.०० | ४५.५ |
| १३ | व्यक्तिगतघटना दर्ता दस्तुर | ५०००००.०० | ४५७४५०.०० | ९१ |
| १४ | नाताप्रमाणित दस्तुर | ०.०० | ४१३५०.०० | १०० |
| १५ | अन्यदस्तुर | ०.०० | ३५८१०४.८५ | १०० |
| १६ | प्रशासनिकदण्ड, जरिवाना र जफत | ०.०० | ५०००.०० | १०० |
| १७ | अन्यराजस्व | १५००००००.०० | २६९०९००.०० | १७९.३९ |
| १८ | व्यवसाय कर | ५०००००.०० | ५९८९८०.०० | ११९.८ |
| **जम्मा** | | **१०००००००.००** | **९१६२३४५.००** | **९१.६२** |

## २७ नवीकरण शुल्क

पालिकाको घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । पालिकामा इजाजत पत्र लिएका तोकिएको भन्दा ढिला गरी नवीकरण गर्ने निर्माण व्यवसायीलाई थप नवीकरण दस्तुर लिएको पाइएन ।कार्यविधि अनुसार तोकिएको अवधि भित्र नवीकरण नगरीएका निर्माण इजाजत पत्रको विवरण अद्यावधिक राखी उक्त समय पछी नविकरण गर्दा थप नवीकरण दस्तुर लिएर मात्र नविकरण गर्ने व्यवस्था गर्नु पर्दछ ।

## २८ प्राकृतिक श्रोत विक्रि

प्राकृतिक श्रोत विक्रि :कर्णाली प्रदेश नदी तथा खानीजन्य स्रोत उत्खनन, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि, २०७९ को बुँदा ३ बमोजिम कार्ययोजना तयार गर्नुपर्ने, बुँदा ४ बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने बुँदा ५ मा नदी तथा खानीयोग्य स्रोतको उत्खनन र सकंलन गर्दा अपनाउनु पर्ने विधि तथा बुँदा ७ मा घाटगद्दी गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यविधिको पालना गरी नदी तथा खानीजन्य स्रोत उत्खनन, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्नुपर्नेमा पालिकाको कार्यक्षत्र भित्र ढुंगा गिट्टी उत्खनन तथा बिक्रि वितरण गरेको तथा नदी तथा खानीजन्य सामग्री प्रयोग गरी व्यक्तिगत तथा सरकारी संरचनाहरु

निर्माणभै रहेको देखिए पनि विक्रि वितरणको लागि उचित व्यवस्थापन नगरेकोले प्राकृतिक श्रोतवाट आय प्राप्त गरेको छैन । यस तर्फ पालिकाको ध्यान जानु जरुरी छ ।

२९ **बेरुजु लगत**

बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये पालिकासँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत र म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

३० **म.ले.प. फारमहरूको प्रयोग**

साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

३१ **भ्रमण खर्च**

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्चबापत यस वर्ष रु. ४८ लाख २४ हजार खर्च गरेको देखिन्छ । भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् ।

• अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन नखुलाएको हुँदा कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• नियमावलीको नियम २१ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसुचि-६ बमोजिम म.ले.प. फारम नम्बर ९०८ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा राखेको छैन ।जसले गर्दा पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित खर्च भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोग हुने सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

३२ **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६ (३) मा पाँच हजार माथिका पार्टपूर्जा फेर्नुपर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष सवारी साधन मर्मतमा रु.४४,१६,८९८।- खर्च गरेकोमा मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन । साथै फेरीएको पार्टपुर्जाको आंशिक मात्र जिन्सी दाखिला गरेको छ।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका सबै पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन।

३३ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३४ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष कर्मचारी कल्याण कोषमा कुनै रकम जम्मा गरेको देखिँदैन । ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

३५ **ऐनको कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा नगरपालिकाले नगरसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८ (५) मा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस नगरपालिकाले कतिपय कार्यक्रम नगरसभाबाट स्वीकृत भन्दा नगरकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।नगरपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट नगरसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन। नगरपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।

३६ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यस्तै दफा ५३ मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार न्यायिक समितिमा गत वर्षको फर्छ्यौट हुन बाँकी ११ वटा यस वर्ष दर्ता भएका ३४ वटा गरी ४५ वटा गाली बेइज्जती, जग्गा अतिक्रमण, घरेलु हिंसा, बाली नोक्सानी लगाएतका मुद्दा दर्ता भएकोमा ३३ मुद्दा फर्छ्यौट भई १२ मुद्दा फर्छ्यौट हुन बाँकी रहेको देखिन्छ । त्यस्तै नियम ५३ बमोजिमको न्यायिक समितिले बार्षिक प्रतिवेदन सभा समक्ष पेश गरेको छैन । अत: ऐनमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ ।

३७ **कानून निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । पालिकाले यस वर्ष ऐन २, नियमावली २, कार्यविधि ४ गरी जम्मा ८ वटा कानून निर्माण गरेको विवरण प्राप्त भएको छ । स्थानीय सरकार सञ्चालन ऐनको परिधिभित्र रही पालिकाले कानुन कार्यान्वयन गर्नु पर्दछ ।

३८ **सवारी साधन भाडा**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरीकाले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष गाडी भाडा वापत दैनिक सम्झौता गरी रु.१०,२३,७४१/- खर्च गरेको छ । गाडीको भाडा भुक्तानी गर्दा कुन प्रयोजनको लागि, कहिले, कसले उपयोग गरेको हो सो खुल्ने सपष्ट आधार पेश भएन । पालिकामा ४ पाङ्ग्रे सवारी साधन र वडा सचिव तथा शाखा प्रमुखलाई मोटरसाइकलको सुविधा हुँदाहुँदै पनि सवारी साधन भाडामा लिएर सरकारी रकम खर्च गर्दा साधनको उच्चतम प्रतिफल हुनेगरी मितव्ययी तरिकाले खर्च नभएको पाइएको देखिन्छ ।पालिकाले पदाधिकारी तथा कर्मचारीहरुको विभिन्न समयमा विभिन्न व्यक्तिहरुसंग गाडी भाडामा लिई भ्रमणको स्पष्ट प्रयोजन र उदेश्य बेगर सवारी साधन सम्झौता समेत नगरी भर्पाईको आधारमा भुक्तानी गर्ने गरेको साथै गाडी भाडाको प्रचलित कानुनी दर नभई एकमुष्ठ भुक्तानी गर्ने परिपाटिले खर्चमा मितव्ययीता, प्रभावकारिता कायम नहुने देखिन्छ।यस्ता खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

३९ **घर भाडा**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समिति र कोष तथा लेखा नियन्त्रक कार्यालयको सूचनापाटीमा कम्तिमा ७ दिनको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसार घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले भण्डारण तथा पशु शाखा लगायत अन्य कार्यका लागि घरभाडा वापत रु.९,९९,९५७/- भुक्तानी गरेकौँ पाईयो ।घर भाडामा लिँदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ ।

४० **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले २०७९।८० मा सम्झौता भई काम सम्पन्न गरी यस कार्यालयमा पेश भईसकेका नगर तथा वडाको सम्पूर्ण चालु तथा पूँजीगत तर्फको भुक्तानी दिने गरी बजेटमा समावेश गरेको छ । कार्यालयले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरी चालु शिर्षक तर्फ रु. ४५,००,०००/- र पूँजीगत तर्फ रु. १,११,००,०००/- समेत रु. १,५५,००,०००/- रहेकोमा कुन परिस्थितिको कारण भुक्तानी गर्न बाँकी रहेको हो स्पष्ट पुष्ट्याई उल्लेख गरेको छैन । तसर्थ भुक्तानी गर्न नसक्नुको विशेष परिस्थिति के हो स्पष्ट पुष्ट्याई हुने गरी गतवर्षको भुक्तानी दिन बाँकी कच्चावारी तयार गरी राख्नुपर्दछ ।

४१ **परामर्श तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना/डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको ६ वटा डिपिआर रु. ५१ लाख ७२ हजारको खरिद सम्झौता गरी परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.सं. | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|---|
| १ | ढोरपिपलरजैखोला थापाचौर पुछाला सडक DPR | एलेभेसन कन्सल्टीङ इन्जिनियर्स प्रा लि | १०००००० | ९९११९८ |
| २ | भेरीनदीराफ्टिङ सम्भाव्यता अध्ययन वातावरणिय प्रतिवेनदन | इसिसि आरसिसि नेपाल प्रा.लि. नेपाल | १५००००० | १४९७२५० |
| ३ | काफलनेटीभदाले सल्लेखर्क दुरुमखोला सडक डि पि आर | मुनलाईट इन्जिनियरिङ एण्ड रिसर्च कन्सल्टेन्सी | १०००००० | ९९१४६२ |
| ४ | १नं वडा कार्यालय भवन डि पि आर | डिडीसी इन्जिनियरिङ सोलुसन एण्ड टिउसन सेन्टर | ५००००० | ४९६००० |
| ५ | गैरीकटेरीलीफ्ट खानेपानी डि पि आर | वाई बि डिजाईनर्स एण्ड डेभेलोपर्स | ७००००० | ६९९५०० |
| ६ | १२नं वडा कार्यालय भवन डि पि आर | पि एस इन्जिनियरिङ एण्ड कन्सट्रक्सन | ५००००० | ४९६८०० |
| **जम्मा** | | | **५२०००००** | **५१७२२१०** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन साथै प्रतिवेदनहरु अभिलेखको रुपमा लेखांकन समेत हुनुपर्दछ ।

४२ **म्याद नाघेको पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा निर्माण व्यवसायीलाई दिएको पेश्की रु.७,८१,०००/- आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई बाँकी रहेको देखिन्छ । उक्त पेश्की को फर्स्यौट हुनुपर्ने म्याद २०८१ असार सम्म रहेको हुँदा म्याद नाघेको देखिन्छ । फर्छयौट गर्न बाँकी रहेको उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | रकम |
|---|---|---|---|
| **नगरपालिका पुँजीगत** | | | |
| २०८०/१०/१५ | वडा नं २को कार्यालय निर्माण | बालानब्रदर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २००००० |
| २०८०/१०/१५ | वडा नं ११को कार्यालय निर्माण | बालानब्रदर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ५८१००० |
| **जम्मा** | | | **७८१०००** |

| | |
|---|---|
| पेश्की | ७,८१,००० |

### ४३ खरिद कारवाहीको अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । पालिकाले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं. ५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

### ४४ विमा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यमा संलग्न हुने जनशक्ति, मेसिन र सम्पूर्ण निर्माण कार्यको तोकिए बमोजिमको विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निर्माण सम्पन्न गराएको कुनै पनि निर्माण कार्यको विमा गराउको छैन । यसले गर्दा निर्माण कार्यको जोखिम बढ्न गई निर्माण कार्य समयमा सम्न्न नहुने जस्ता जोखिम बढेर जान्छ । अत: निर्माण कार्यमा हुने सम्भावित जोखिम न्यूनीकरण गर्न अनिवार्य रुपमा विमा गराउनु पर्दछ ।

### ४५ सम्पत्ति व्यवस्थापन र सुरक्षा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामान अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार गरी प्रतिवेदन गर्नुपर्दछ । पालिकाले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनु पर्दछ ।

### ४६ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक सञ्चितकोष,धरौटी,बिबिध खर्च खाता र प्रकोप ब्यबस्थापन कोषको कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

### ४७ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेकोमा प्रभावकारीरुपमा लागू भएको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण

प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता वापत रु. २९ लाख ७८ हजार खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय/व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा नगरपालिकाको आन्तरिक लेखापरीक्षण गराएको देखिएन।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु लागत सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. ४८ लाख २४ हजार खर्च लेखेकोमा तोकिएको ढाँचामा अनुगमन प्रतिवेदन पेश गर्ने गरेको छैन साथै भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकमा रू. २८ लाख ८ हजार खर्च गरेको छ । उक्त खर्च मध्ये अतिथि सत्कार लगाएतका विविध खर्चमा मा रु. ११ लाख ५२ हजार र अन्य सानातिना कार्यमा रु. १६ लाख ५६ हजार खर्च गरेको छ । पालिकाको आन्तरिक आम्दानी जम्मा रु. ६४ लाख ७३ हजार रहेकोमा उक्त आम्दानीको ४३.३८ प्रतिशत विविध शीर्षकमा खर्च भएको देखिन्छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४८ **सेवाप्रवाहको स्थिति**

पालिकाबाट यो वर्ष जन्म दर्ता २३१ वटा, मृत्यु दर्ता १२७ वटा, बसाइँसराइ १२७ वटा, विवाह दर्ता ४०३ वटा, सम्बन्ध विच्छेद दर्ता २६ वटा गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग नगरेको कारण सेवा प्रवाह झन्झटिलो र ढिलो भएको

देखिएको छ । सूचना प्रविधिको उच्चत्तम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

**४९ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रशासन, शिक्षा, स्वास्थ्य, प्राविधिक, कृषि, आन्तरिक लेखापरीक्षण लगाएतका सेवामा अधिकृत र सहायक स्तरका गरी ६० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ३४ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रसाकिय अधिकृत समेत शिक्षा, स्वास्थ्य, प्राविधिक, कृषि, आन्तरिक लेखापरीक्षण तर्फका अधिकृत र सहायक स्तरगरी २७ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य पदपूर्ति हुन बाँकि पदमा छिटो पूर्ति गरी तथा फाजिलमा रहेकोलाई सम्बन्धित मन्त्रालयसँग समन्वय गरी जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| क्र.स | स्वीकृत पद | सेवा | दरबन्दी | पदपूर्ति | | | | रिक्त पद |
|---|---|---|---|---|---|---|---|---|
| | | | | समायोजन भई आएको | साविक स्थानीयमा कार्यरत | आन्तरिक पदपूर्ति | करारबाट | |
| १ | प्रमुखप्रशासकीय अधिकृत | प्रशासन | १ | | | | | १ |
| २ | अधिकृत | शिक्षा | १ | | | | | १ |
| ३ | सिडि ई | इन्जिनियरिङ | १ | | | | | १ |
| ४ | अधिकृत | प्रशासन/साप्र | १ | | | १ | | |
| ५ | अधिकृत | प्रशासन/ लेखा | १ | | | १ | | |
| ६ | अधिकृत | शिक्षा | १ | १ | | | | |
| ७ | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य | १ | | | | | १ |
| ८ | इन्जिनियर | इन्जिनियरिङ | १ | | | १ | | |
| ९ | अधिकृत | कृषि | १ | | | | | १ |
| १० | अधिकृत | कृषि/लापोडेडे | १ | | | | | १ |
| ११ | अधिकृत | प्रशासन/सा प्र | २ | | | | | २ |
| १२ | आलेपअधिकृत | प्रशासन/ लेखा | १ | | | | | १ |
| १३ | प हे न | स्वास्थ्य | १ | १ | | | | |
| १४ | हेल्थअसिष्टेन्ट | स्वास्थ्य | १ | १ | | | | |
| १५ | सहायक | प्रशासन/सा प्र | १० | २ | | २ | | ६ |
| १६ | लेखापाल | प्रशासन/ लेखा | १ | | | १ | | |
| १७ | प्रास | शिक्षा | १ | | | १ | | |
| १८ | सबइन्जिनियर | इन्जिनियरिङ | ७ | | | १ | १ | ५ |
| १९ | महिलाविकास निरिक्षक | विविध | १ | | | १ | | |
| २० | सहायककम्प्युटर अपरेटर | विविध | १ | | | १ | | |
| २१ | प्रास | कृषि/कृषिसेवा | २ | | | १ | | १ |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२ | पशुस्वास्थ्य प्राविधिक | कृषि/भेट | १ | | | ० | | १ |
| २३ | पशुसेवा प्राविधिक | कृषि/लापोडेडे | १ | | | १ | | ० |
| २४ | अमिन | इन्जिनियरिङ | १ | | | | १ | १ |
| २५ | सहायक | प्रशासनसा/प्र | ७ | | १ | २ | | ४ |
| २६ | असब इन्जिनियर | इन्जिनियरिङ | ७ | | १ | ३ | ३ | ० |
| २७ | सलेपा | प्रशासन / लेखा | १ | | १ | | | |
| २८ | सहायकमहिला विकास निरिक्षक | विविध | १ | १ | | | | |
| २९ | नाप्रा स | कृषिकृषि सेवा | १ | १ | | | | |
| ३० | नाप स्वा प्रा | कृषि/भेट | १ | | | १ | | ० |
| ३१ | नाप से प्रा | कृषि/लापोडेडे | १ | | | १ | | |
| **जम्मा** | | | **६०** | **७** | **३** | **१९** | **५** | **२७** |

## ५० तलवी प्रतिवेदन

निजामती सेवा ऐन, २०४९ को दफा ७ (२ ख) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारीहरुको रु.२,०७,९५,८२७/- स्वास्थ्यतर्फको रु.२,७०,८५,५१७/- गरी रु. ४,७८,८१,३४४/- तलव खर्च लेखेकोमा तलव प्रतिवेदन पारित गरेको छैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## ५१ खरिद कारवाहीको टुङ्गो

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगती नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसकै बखत अन्त्य गर्न सक्ने व्यवस्था छ । त्यसैगरी उपदफा ८ मा यसरी सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पूरै जमानत जफत हुने व्यवस्था छ । वडा नं. ११ को कार्यालय भवन निर्माणका लागी मिति २०८१/१/३० सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी बालन ब्रदर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग मिति २०८०/८/१८ मा खरिद सम्झौता भएकोमा सम्झौता अवधी भरी निर्माण व्यवसायीले काम शुरु नगरेको र नगरकार्यपालिकाको मिति २०८१/४/२३ को निर्णयबाट निर्माण स्थलमा जग्गा विवाद भएको कारण जनाई २०८१/९/२३ सम्म म्याद थप गरेको छ ।लेखापरीक्षण अवधिसम्म उक्त निर्माण कार्य शुरु गरेको देखिएन ।विवादित निर्माण स्थलमा वडा कार्यालय भवन निर्माण कार्यका लागी बोलपत्र आह्वान गर्ने पदाधिकारीलाई जिम्मेबार बनाई कानून बमोजिम खरिद कारवाही टुङ्गो लगाउनु पर्दछ ।

## ५२ हेभिमेशिनको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले

डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| भौ.नं. | योजनाको नाम | निर्माणव्यवसायी | निर्माणव्यसायीको बिल | भुक्तानी रकम |
|---|---|---|---|---|
| ५५/२०८०/१२/९ | तल्लोघरेली कालीमाटी पोखरा सडक | महत एण्डबुढाथोकी कन्स्ट्रक्सन | २८५८९० | २४०००० |
| ७५/२०८१/१/१२ | चित्रलेखीदेखी पुनटोलसम्म जोडने सडक | सापकोटानिर्माण सेवा | २०६६६८ | १७३६९८ |
| ८१/२०८१/१/१८ | साउनेपानीकिमिरेखोला सडक | दिगोनिर्माण सेवा | २५९९८० | २२००३२ |
| ९५/२०८१/१/२४ | बस्नयाउटीखुटी दुरुमखोला मोटरबाटो | भण्डारीकन्स्ट्रकस्न | २२६४२३ | १९२००० |
| ९६/२०८१/१/२४ | डाँडीगाउँमुलखोला मोटरबाटो | भण्डारीकन्स्ट्रकस्न | ३७८१४३ | ३१६८०० |
| १०५/२०८१/१/२८ | रातमाटाखुर्कुन्ने सडक | गौरीगोमानिर्माण सेवा | २९२८९६ | २४०००० |
| ११३/२०८१/२/१३ | बालविकासकेन्द्र राउचे फिल्ड निर्माण | मोहन अर्डरसप्लायर्स एण्ड कन्स्ट्रक्सन | १४७४१९ | ११७१२२ |
| ११५/२०८१/२/१३ | खैरागारारातामाटा सडक निर्माण | गौरीगोमानिर्माण सेवा | ५४०००४ | ४५३८५८ |
| १२२/२०८१/२/१३ | बस्नेउरादेखी बयाले जोडने सडक | भण्डारीकन्स्ट्रकस्न | ४४०१५१ | ३४२४६५ |
| १२७/२०८१/२/१४ | च्यूरारामपुर रानागाउँ सडक | गौरीगोमानिर्माण सेवा | २९३८१८ | २४६८६९ |
| १३८/२०८१/२/२३ | गैरीकटेरीकारागाउँ पेदिखोला सडक | गौरीगोमानिर्माण सेवा | ५३६९७६ | ४५५५५५ |
| १५०/२०८१/२/२५ | खालीखोलासडक | बिराटविल्डर्स | ३३८१३८ | २८५८५४ |
| १५४/२०८१/२/२८ | सडक मर्मतसम्भार वडा नं.९ | बिराटविल्डर्स | २२६९९९ | २३८२१७ |
| १७७/२०८१/३/९ | सरस्वतिप्रा.वि. फुर्केसल्ला सडक | दिगोनिर्माण सेवा | ३६९४८० | ८५६०४४ |
| १७९/२०८१/३/११ | दारे कारालाखर सडक निर्माण | बुढाथोकीकन्स्ट्रक्सन | ५६५१७४ | ४८०००० |
| १८१/२०८१/३/११ | रजईखोलादेखि वडा कार्यालय थापाचौर सडक | ब्रालानब्रदर्स कन्सट्रक्सन | ३४०५८२ | २८८००० |
| २२०/२०८१/३/१९ | लाखुरीबुटा ठारिखोला मोटरबाटो | गौरीगोमानिर्माण सेवा | २७०३१२ | २२१०२७ |
| २२२/२०८१/३/२१ | पाहाहाल्ने वलि गाउँ हुँदै दुरागाउँ मोटरबाटो | गौरीगोमानिर्माण सेवा | २०८५०९ | १६८६०० |
| २७९/२०८१/३/२४ | महेन्द्रमावि आपचौर फिल्ड निर्माण | ब्रालानब्रदर्स कन्सट्रक्सन | ५९१६६८ | ४५५२७७ |
| २१४/२०८१/३/१९ | बाहुनगाउँपोखरी सडक निर्माण | दिगोनिर्माण सेवा | ५६६९५७ | ४८०००० |
| २५७/२०८१/३/२३ | कृष्णबोडिङ्देखि बनगाड खोला जोड्ने सडक | दिगोनिर्माण सेवा | ४८७०६५ | ४७२८२१ |

## ५३ पेश्की रकमको विवरण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क ५) बमोजिम निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) बमोजिम निर्माण व्यवसायीले पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सार्वजनिक निकायमा नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । यस पालिकाबाट भएका निर्माण सम्बन्धी खरिद सम्झौतामा सबैजसो निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की उपलब्ध गराउने गरेकोमा निर्माण व्यवसायीहरुले नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्ने गरेको देखिएन । पेश्की रकम सम्बन्धित निर्माण कार्य वाहेक अन्य कार्यमा रकम खर्च गरी निर्माण कार्यमा ढिलाइ गर्न सक्ने भएकाले सरकारी रकमको उचित सदुपयोग भए नभएको यकिन गर्न कानूनले तोके बमोजिम नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्न लगाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

५४ **बैठक भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५५ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी निर्माण कार्यको बिओक्यूमा प्रोभिजन सम वापत राखेको रकम भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनका आधारमा भुक्तानी गर्नु पर्दछ। यस खरिद सम्झौताको जिसिसि १९.१ मा निर्माण व्यवसायीले निर्माण कार्यमा संलग्न हुने जनशक्ति, मेसिन र सम्पूर्ण निर्माण कार्यको सम्बन्धित सार्वजनिक निकाय र निर्माण व्यवसायीको संयुक्त नाममा निर्माण कार्य शुरु भए देखी उक्त निर्माण कार्यको त्रुटी सच्चाउने अवधिसम्म म्याद भएको बिमा गराउनु पर्ने प्रावधान राखिएको छ।सोताखोला पक्की सिचाई कुलो निर्माण ठेक्का नं २४-२०८०/८१ को कार्य मिति २०८१/०१/२४ मा दिप दृष्टि कन्सट्रक्सन एन्ड सप्लायर्स सँग रु. ८,१९,५८०/- को सम्झौता बमोजिम मिति २०८१/०३/२१ मा कार्य सम्पन्न भई भौ.न ४३/२०८१/०१/२४ बाट भुक्तानी भएकोमा पि.एस आईटमको ईन्सुरेन्सको रकम रु.९००० निर्माण व्यवसायिले ईन्सुरेन्सको बिल कार्य सम्पन्न भईसकेपछी पेश गरी भुक्तानी भएको छ।काम सम्पन्न पश्चातको बिमाको औचित्य नरहेकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,००० |

५६ **वडा तथा शाखागत खर्च**

पालिकाका हरेक आर्थिक कारोबार एकद्धार प्रणालीमार्फत क्रियाकलापमा आधारित रहि खर्च गर्नुपर्दछ । पालिकाले वडा तथा विभिन्न शाखामा शाखागत बजेट व्यवस्था गरी बजेट खर्च गरेको देखिन्छ । औचित्य पुष्टि हुन नसक्ने कार्यमा समेत बजेट खर्च भएको छ । विभिन्न वडा तथा शाखामा रहेका कर्मचारी ले व्यक्तिगत प्रयोजनाको लागि खर्च गरेको रिचार्ज जस्ता सञ्चार खर्चको बिलसमेत पेश गरी भुक्तानी लिएको देखिन्छ। शाखालाई आवश्यक पर्ने जिन्सी मालसामानहरु शाखावाइज खरिद गरी पालिकामा दाखिला गरेको छ । यसरी शाखागत बजेट खर्च गर्दा खर्चमा पारदर्शिता, मितव्यायिता तथा नियन्त्रण कायम गर्न कठिन देखिन्छ । तसर्थ बजेटलाई विभिन्न शाखा तथा वडामा टुक्रा पारी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५७ **लेखा श्रेष्ता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७(१) मा ऐनको दफा २६ बमोजिम कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्नेछ तथा उपनियम २ बमोजिम भुक्तानी

वा पेश्की फस्र्योटको लागि पेश हुने प्रत्येक बिल, भरपाई र सोसाथ संलग्न अन्य कागजात खर्च गर्ने व्यक्तिले तयार गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा पेश गर्नु पर्नेछ। त्यसरी पेश हुन आएको बिल, भरपाई तथा अन्य कागजातलाई खर्च स्वीकृत गर्ने अधिकारीले रकम भुक्तानी दिनु वा फस्र्योट गर्नु अघि प्रमाणित गर्नु पर्ने व्यवस्था छ । पेश्की दिदाँ तथा फस्र्योट गर्दा आवश्यक कागजात संलग्न नगरी भुक्तानी तथा पेश्की दिएको छ। गोश्वरा भौचर तयार गर्दा सम्बन्धि कागजात गोश्वरा भौचरसंग सिलसिलेबार रुपमा राखेको देखिदैन जुन लेखाको सिद्धान्त प्रतिकुल देखिन्छ। खर्चको तेरिज नबनाई अव्यवस्थित रुपमा कागजात राखेको हुँदा त्यसमा लाग्ने कर लगाएतका जोडजम्मा एकिन गर्न कठिनाई उत्पन्न हुने गरी अभिलेख राखेको छ। तोकिएको ढाचाँमा अभिलेख नराख्ने कर्मचारीलाई जिम्मेवार बनाई अभिलेख प्रणालीलाई व्यवस्थित बनाउनुपर्दछ।

## ५८ विज्ञापन

विज्ञापन (नियमन गर्ने) नियमावली,२०७७ को ११(क)(२) मा १ बमोजिम विज्ञापन एजेन्सी मार्फत मार्फत कारोबार गराउँदा बोर्डमा सूचीकृत विज्ञापन एजेन्सी मध्येबाट खुला र पारदर्शी प्रक्रियाको आधारमा विज्ञापन एजेन्सीको छनौट गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो व्यवस्थामा उल्लेख भएबमोजिम प्रतिष्पर्धाको माध्यमबाट सूचना प्रकाशन नगरी रु.२६,७६,५४२/- खर्च गरेको छ । विज्ञापनको प्रतिस्पर्धा आव्हान गर्दा कम (अन्य निकाय, स्थानीय तहहरुको अभ्यासमा हेर्दा विज्ञापन प्रतिस्पर्धाको माध्यमबाट करिब ७० प्रतिशत सम्म छुट भएको देखिन्छ) मूल्यमा विज्ञापन प्रकाशन गर्न सक्ने अवस्था रहेको छ । तसर्थ पालिकाले प्रतिस्पर्धाको माध्यमबाट सूचना प्रकाशन तथा प्रसारण गर्नुपर्दछ ।

## ५९ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी रु.८,२०,०००।- आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

## ६० डोजरको कार्य

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ।पालिकाले यस बर्ष ६६८० लिटर डिजल डोजर प्रयोजनको लागी सालाखाला रु.१०,३५,५२४।- इन्धन खरिद गरेकोमा सो इन्धनवाट पालिकाले सार्वजनिक सडक मर्मत सम्भार तथा पालिकाको योजनाको कार्यमा अमानतवाट गराएको भनी उल्लेख गरेकोमा वडा नं ६,१,७,३,५,९,८ र ४ मा कार्य गरेको रु.१३,०१,९९७।२८ को नापी किताव तयार गरी कामको मूल्याङ्कन गरेको छ । जनशक्ती, मेशिनरी तथा इन्धन पालिकाको प्रयोग हुँदा इन्धन खपतको अनुपातमा डोजरको कार्य वढोत्तरी हुनुपर्ने देखिन्छ ।

## ६१ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै खरिद नियमावली, २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज , खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाई पटक पटक गरी कुल विनियोजन भएको रु. ४७,००,०००।०० मध्ये रु.४५,४३,०९९।०० खरिद गरेको छ । आवश्यकता पहिचान गरी ऐनको ब्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ। यस सम्वन्धमा केही उदाहरण निम्न छन् ।

| क्र.सं. | भौचरनं र मिति | आपूर्तिकर्ता | विवरण | खर्चरकम रु. |
|---|---|---|---|---|
| १ | १९०-२०८०।०६।२६ | रिश्ता अफसेट प्रेस | कार्यालय सामान | ३७७५० |
| २ | १९१-२०८०।०६।२६ | प्रगति ट्रेनिङ एण्डजनरल अर्डर सप्लायर्स | मसलन्द सामाग्री | ११६४३५ |
| ३ | २१०-२०८०।०७।२२ | लक्ष्मी इन्स्टिच्युटअफ इन्फरमेशन | कार्यालय सामाग्री | ४४९५० |
| ४ | ३२५-२०८०।०९।२५ | नेटकम सोलसन एण्ड अफिसअटोमोबाइल सप्लायर्स | कार्यालय सामाग्री | ९९८९० |
| ५ | ३१७-२०८०।०९।२० | दिपज्योति छापाखाना | रजिष्टर छपाई | ५९८३३ |
| ६ | ३४६-२०८०।०९।२५ | प्रकाश स्पोर्ट | कार्यालय सामाग्री | ४७४४१ |
| ७ | ५११-२०८०।१२।२१ | ढकाल अफसेट प्रेस एण्डसप्लायर्स | मसलन्द सामाग्री | ४३६१२४ |
| ८ | ५१२-२०८०।१२।२१ | आई ड्रिम सोलुसन | कार्यालय सामाग्री | ५१९३४८ |
| ९ | ५१२-२०८०।१२।२१ | प्रशान्त पलाष्टिकसप्लायर्स एण्ड जनरल स्टोर | मसलन्द सामाग्री | ३८१५० |

६२ **ईन्धन खर्च**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ९ को अनुसुचि १ मा नगर प्रमुख सवारी साधनलाई मासिक ८० लिटर डिजल, उप प्रमुख मासिक ७० लिटर डिजल र वडाध्यक्ष मासिक २५ लिटर पेट्रोल सवारी इन्धन पाउने व्यबस्था छ । त्यस्तै अर्थ मंत्रालयवाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकाको पदाधिकारीको लागि २ वटा हलुका सवारी साधन र १२ वटा मोटरसाइकल एवं कार्यालय प्रयोजनको लागि १६ मोटरसाइकल, ट्रिपर-१, एम्बुलेन्स-२, व्याकलोडर -१ प्रयोग भएको देखिएको छ ।सो को लागी यस वर्ष इन्धन (पदाधिकारी) मा रु.१४,०१,३०३।-र इन्धन (कार्यालय प्रयोजन) मा रु.२४,६६,६९७।- गरी रु.३८,६८,०००।- बजेट खर्च खर्च भएको देखिएको छ । प्रत्येक सवारीको बेग्लाबेग्लै सवारी चलाएको दैनिक मिती, प्रत्येक पटक एक ठाउँमा चलाएको आते जाते दुबैको स्पष्ट हुने गरी स्थान खुलाउनुपर्ने, एक ठाउँबाट अर्को ठाउँ सम्म चढाँउदाको सुरुको र अन्तको मिटरबाट देखाइएको किलोमिटरको अङ्क भर्नुपर्ने महालेपरीक्षक फारम नं. ९०५ को व्यवस्था बमोजिम सवारी साधन प्रयोगको स्पष्ट प्रयोजन पुष्टयाई वेगर सवारी साधनको प्रयोगमा एकैपटक लकबुक राख्दा विभिन्न मितिका विलमा एकमुष्ट लगबुक राखेको तथा कतिपय श्रेस्तामा स्पष्ट गन्तब्य स्थान र सवार कर्मचारीको हस्ताक्षर बिनाको लकबुक राखेको हुंदा ईन्धन खर्चको सम्बन्धमा यकिन हुन सक्ने अवस्था नरहेकोले पदाधिकारी तथा सदस्य सुविधा सम्बन्धी ऐन, २०७७ र अर्थ मंत्रालयवाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड भित्र रहि ईन्धन खर्च गरिनुपर्दछ ।

६३ **औषधी खरिद**

पालिकाले औषधी खरिद गर्दा तोकिएको मापदण्ड पालना गरी खरिद गर्नुपर्दछ ।पालिकाले शिलबन्दी दरभाउमार्फत् समानीकरणबाट रु.३,३७,२४२।– र संघीय शशर्तबाट रु.२२,६५,०००।– गरी रु.२६,०२,२४२।– एवं भौचर नं ९०४-२०८१।०३।२३ बाट रु.१६,४०,४४८।– सोझै खरिद समेत गरी कुल रु.४२,४२,६९०।-को औषधी खरिद गरी जिल्लाका १२ वडामा रहेका स्वास्थ्य संस्थालाई वितरण गरेको छ । खरिद गरेका उक्त औषधीको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरे/नगरेको यकिन भएको नदेखिएको, आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको, आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।वडाका स्वास्थ्य संस्थालाई औषधी पठाउदा वास्तविक मागमा आधारित हुने माग यकिन गरी खरिद गरेको प्रमाण संलग्न गर्ने गरेको छैन । तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६४ **कार्यपत्र नभएको**

सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्यशाला सञ्चालन गर्दा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ बमोजिम मापदण्डलाई आधार लिई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।जसअनुसार नगरपालिकामा अन्य तालिम कार्यमा कार्यपत्र बापत प्रति सेसन रु. ८००।– र कक्षा संचालन बापत प्रति सेसन रु. ७००।– तोकिएको छ। पालिकाले मिति २०८१ असार १० देखि १३ सम्म शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सम्बन्धी क्षमता विकास तालिममा देहायबमोजिम सेसनमा कार्यपत्र समावेश नगरी भौचर नं ७८६।२०८१।०३।१८ बाट कार्यपत्र बापत समेतको भत्ता रु.१२,८००।- खर्च लेखेकोमा कार्यपत्र समावेश गरेको छैन। उक्त खर्चको पुष्टी हुने प्रमाण पेस गर्नुपर्ने रु.

| क्र.सं. | प्रशिक्षकको नाम,थर | सेसन संख्या | प्रति सेसन बुझिलिएको दर | प्रति कार्यपत्र बापतको रकम | जम्मा कार्यपत्र बापतको रकम |
|---|---|---|---|---|---|
| १ | रामलाल आचार्य | १२ | १५०० | ८०० | ९६०० |
| २ | धुर्वा कुमारी थापा | ४ | १५०० | ८०० | ३२०० |
| जम्मा | | | | | १२८०० |

| प्रमाण पेश नगरेको | १२,८०० |
|---|---|

६५ **सफ्टवयेर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा संचालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले कोड फ्युजन टेक्नोलोजिक्स प्रा.लि.बाट विद्युतीय स्वास्थ्य सूचना रेकडिङ्ग र रिपोर्टिङ्ग सफ्टवेयर (EHIRRS) खरिद गरी गोश्वारा भौचर नं ७३५- २०८१।०३।१३ बाट रु.४,०६,८००/- खर्च गरेकोमा सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । प्रणालीको नियमन, नियन्त्रण, अनुगमन तथा सुरक्षण सुनिश्चित गरी सफ्टवेयर निर्माण तथा खरिद एवं उपयोग गर्नुपर्दछ।

६६ **वितरणमुखी कार्य**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन पुँजी निर्माण हुने र स्रोत साधनको परिचालन गर्दा महत्तम प्रभाव हुने तरिकाले दिर्घकालिन योजना बनाएर खर्च गर्नुपर्दछ ।पालिकाले देहायका विभिन्न कार्यक्रम अन्तर्गत विभिन्न मालसामान वितरण गरेको छ । दीर्घकालीन प्रभाव नपार्ने कार्यक्रमहरु सञ्चालन गर्दा पालिकाको आर्थिक समुन्नका साथै रोजगारी, उत्पादन तथा आन्तनिर्भरतामा प्रतिकूल असर पर्ने देखिएकोले वितरणमुखी कार्य नियन्त्रण हुनुपर्दछ ।

| क्र.सं. | भौचरनं | कार्यक्रम | विवरण | खर्चरकम रु. |
|---|---|---|---|---|
| १ | ८८०-२०८१।०३।२२ | अपाङ्गता भएका व्यक्तिलाई सामाग्री वितरण | सेतो छडी लगायत | २९९९९४ |
| २ | ९०६-२०८१।०३।२३ | जेष्ठ नागरिकलाई सम्मान कार्यक्रम | कम्मल र सल वितरण | ६००००० |
| ३ | ९१३-२०८१।०३।२३ | विधुतीय चुलो अनुदान | | ६३०००० |

६७ **सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता आयोजना ( SUSWA)**

नेपाल सरकार र फिण्डल्यान्ड सरकार बीच २१ नोभेम्बर,२०२१ मा सम्झौता भई खानेपानी तथा ढल व्यवस्थापन विभाग र पालिका बीच सम्झौता भई सबैका लागि दिगो खानेपानी,सरसफाई तथा स्वच्छता आयोजना कार्यान्वयनमा आएको छ।पालिकामा यस वर्ष उक्त आयोजना संचालन गरी फिन्ल्यान्ड सरकारको रु.३,७०,००,०००/- पालिकाको रु.१,१०,८८,०००/- गरी जम्मा रु. ४,८०,८८,०००/- बजेट व्यवस्था भएकोमा खानेपानी तर्फ ४ र संस्थागत शैचालय निर्माण तर्फ ५ गरी जम्मा ९ योजनामा रु.३,६९,११,६४१/- खर्च गरेको छ।सालवसाली सम्झौता गरी कार्यान्वयन भएका सबै योजनाहरु समयमै सम्पन्न गरिनु पर्दछ।

६८ **तालिम तथा कार्यक्रम सञ्चालन**

तालिम, गोष्टी, सेमिनार लागायत कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ ।पालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थमन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय लगायतले जारी गरेको नर्म्स पूर्ण रुपमा पालना गरेको छैन । कार्यक्रम संचालन गर्दा नर्म्स अनुसार नभई बजेट अनुसार यातायात भत्ता खर्च, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता लगायत खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी पेश्की फछर्यौट गर्ने गरेको छ ।कार्यक्रम सञ्चालन पश्चात पेश गरेको बिल भरपाईमा कार्यक्रमको लागत अनुमान तयार गर्ने, तालिम कार्य तालिका संलग्न गर्ने, तालिमको विषय वस्तु सम्वन्धमा तयार गरेको कार्यपत्र, कार्यक्रमको प्रतिवेदन, खर्चको तेरिज लगायत कार्य पुष्टी हुने प्रमाण संलग्न गर्ने गरेको छैन । कुनै पनि कार्यक्रममा स्वीकृत बजेट फ्रिज नहुने गरी खर्च गर्दा खर्च वास्तविक मान्ने अवस्था छैन । यातायात, दैनिक भ्रमण भत्ता खर्च भ्रमण नियमावली अनुसार नभई बजेटको आधारमा भुक्तानी दिने गरेको छ ।पालिकाबाट संचालित एक अर्को तालिम कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था देखिंदा कार्यक्रम खर्च मितव्ययी, नियमितता र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रम खर्चमा भएको वास्तविकता समेत कार्यालयबाटै पुष्टि हुने गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नुपर्ने देखिन्छ ।

६९ **बिल भरपाई तथा संम्झौता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले मोटरसाइकल मर्मत गरी भौचर नं ५५७-२०८१/०१/१७ बाट देउती वर्कसपलाई रु. २१,१००। भुक्तानी गर्दा रु.१५,५००।– को मात्र विल भरपाई संलग्न भएकोले बढी भुक्तानी भएको रु.५,६००।– सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,६०० |

७० **छात्रवृत्ति अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ४.२ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र कक्षा १-५ का गैर आवासीय छात्रा विद्यार्थीलाई वार्षिक रु.४००, ६-८ का गैर आवासीय छात्रा विद्यार्थीलाई वार्षिक रु.४०० र दलित विद्यार्थीलाई रु. ४०० छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा पालिका अन्तर्गतका ६५ वटा विद्यालयमा रु.१२ लाख ४२ हजार निकासा गरेको छ । IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन । साथै विद्यालयलबाट छात्रवृत्ति वितरण गरेको भर्पाई पेश भएबमोजिम निम्न विद्यालयको बढी निकासा असुल हुनुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | हुनु पर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|
| १ | सरस्वती आ.वि, लाखर | २८८०० | ३०००० | १२०० |
| २ | आधारभुत विद्यालय,लाहाघाट | १४८०० | १७२०० | २४०० |
| ३ | नेपाल राष्ट्रिय प्रा.वि,पोखरा | १०००० | १३२०० | ३२०० |
| ४ | भैरवी आ. वि,बेलखोला | २२००० | २३२०० | १२०० |
| ५ | बालज्योती प्रा.वि,पाटके | १२४०० | १३२०० | ८०० |
| | **जम्मा** | **५०४००** | **५५६००** | **८८००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,८०० |

७१ **पाठ्यपुस्तक**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहलोपटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५% बाट अनुदान दिने व्यवस्था छ । पालिकाले दुई पटक गरी एकमुष्ठ रु. ४१ लाख ७ हजार ९ सय पाठ्यपुस्तक वापतको रकम निकासा गरेको छ । विद्यालयले विधार्थीलाई पाठ्यपुस्तक वितरण गरेको भरपाई तथा IEMIS को तथ्याङ्कका आधारमा निम्न विद्यालयलाई भएको बढी निकासा असुल गर्नुपर्ने रु.

| क्र.स | विद्यालय | हुनुपर्नेनिकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|
| १ | मुक्ति मा.वि | २४५७२९ | २३५२४० | १०४८९ |
| २ | ध्रुव ताराप्रा.वि | १३८४८ | ९६६० | ४१८८ |
| ३ | नेपाल राष्ट्रियप्रा.वि | ३१२२९ | २४०५९ | ७१७० |
| | **जम्मा** | **२९०८०६** | **२६८९५९** | **२१८४७** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,८४७ |

७२ **विद्यालयको अनुगमन नियमन व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय सम्बन्धि मापदन्ड तयार गरेको छैन।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

७३ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिकामा रहेका ६५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालय | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्तिमध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | उच्च माध्यामिक तह | ३ | ३ | ३ | ८९६ |
| २ | माध्यामिक तह | २४ | २४ | १५ | १२३५ |
| ३ | नि.मा.वि तह | २४ | २४ | १५ | २०७८ |
| ४ | प्रा.वि तह | १६२ | १६० | ६९ | ३४३७ |
| **जम्मा** | | **२१३** | **२११** | **१०२** | **७६४६** |

अत: विद्यार्थीको संख्याका आधारमा शिक्षकको पदपूर्ति हुनुपर्दछ।

७४ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २१९९ जना रहेका छन। पालिकाले एन्जल टच हाईजिन म्यान्युफ्याक्चरीङ प्रा.लि बाट २७ हजार ४ सय ३४ थान स्यानिटरी प्याड रु.८ लाख २ हजार (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले खरिद गरेको २७ हजार ४ सय थान मध्ये १० हजार ८० थान वितरण गरेको भरपाई पेश

गरेकोमा बाँकी १७ हजार ३ सय ५४ थान भन्डारमा रहरेको हुनाले खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

७५ **नि:शुल्क शिक्षा**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

७६ **सहकारी संस्थाको नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्र रहेका सहकारी संस्थाहरुको विवरण लेखापरीक्षणको क्रममा प्राप्त भएन।पालिकामा संचालन भएका सहकारी संस्था निस्कृय रही त्यस्ता संस्थाको कारोबार तथा दायित्वको शुक्ष्म मूल्याङ्कन गरेर नागरिकको पुँजी तथा बचत सुरक्षा गर्न अनुगमन गरी आवश्यक परेमा कानून बमोजिमको कारवाही प्रकृया अगाडी बढाई ऐनमा भएका प्रावधान लागू गराउनेतर्फ पालिका क्रियाशील हुनुपर्ने देखिन्छ ।

७७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्‍याउने तथा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत पालिकामा १२ वटा योजना सञ्चालन गरी ९३ जनालाई १०० दिनले रोजगारी उपलव्ध गराई रु.५३,२८,९२७/- श्रमिक ज्याला खर्च गरेको छ ।अनुसूची-३ मा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यवस्था भएपनि पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम १०१ र न्यूनतम ९९ दिन रोजगार पाएतापनि सुचिकृत भएका ४६८३ व्यक्ति मध्ये ९३ बाहेक ४५९० जनाले सय दिनको रोजगार प्राप्त गरेको देखिदैन, साथै कतिपय बेरोजगारले १०० दिन भन्दा बढीको रोजगार पाएको नियमसम्मत देखिएन ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

७८ **मुख्यमन्त्री रोजगार कार्यक्रम**

कर्णाली प्रदेशभित्र कामको सृजना गरी बेरोजगार युवालाई रोजगारी दिने उद्धेश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ जारी भई मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यविधि, २०७८ अनुसार पालिकामा १२ वटा योजना सञ्चालनमा विनियोजित रु. १ करोड ७५ लाख मध्ये रु. १ करोड ७३ लाख ७७ हजार ३ सय खर्च भएको छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः

७८.१ **रोजगारी स्थिति** - कार्यविधिको परिच्छेद-३ (६) मा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा खर्च गरी श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने व्यवस्था छ।कार्यक्रममा छनोट भएका प्रतिवडा १ आयोजनाका दरले १२ वटा कार्यक्रममा

श्रमिक ज्याला रु.१,०७,५६,७८१।– तथा सामाग्री खरिदमा रु.६६,२०,५७९।– खर्च भएको छ । पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम १०१ दिन र न्यूनतम ९९ दिन मात्र श्रमिकले रोजगार पाएको देखिन्छ । सुचिकृत भएका व्यक्ति ४५१० जनाले एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । १२ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका १७३ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

७८.२ **सार्वजनिक लेखापरीक्षण** - मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यन्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपूर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको निर्देशिका बमोजिम सार्वजनिक लेखापरीक्षण गराएको छैन । कार्यविधिले तोकेका सुचकहरु समावेश गरी सार्वजनिक लेखापरीक्षण गर्नुपर्दछ ।

## ७९ सवारी साधन नविकरण जरिवाना

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०७८को दफा ९ को उपदफा (१) अनुसार सरकारी खर्चको मितव्ययी र उपलब्धिपुर्ण तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले सवारी साधनको समयमै सवारी नविकरण गरेको देखिदैन। सवारी नविकरण नगर्दा थप आर्थिक भार पर्ने देखिन्छ समयमा सवारी साधन नविकरण नगरेका कारण थप भुक्तानी गर्नु पर्ने जरिवाना वापतको रकम नियमसम्मत हुदैन ।पालिकाले निम्न सवारी साधनको समयमै सवारी नविकरण नगर्दा रु.१०,३५०/- थप व्यय भार परेको छ । समयमा सवारी साधन नविकरण नगरेका कारण थप भुक्तानी गर्नु परेको जरिवाना वापतको रकम नियमसम्मत नदेखिएको रु.

| सवारी साधन नम्बर | जरिवाना रकमरु. |
|---|---|
| क.प्र०२-००१ब०३६९ | ११०० |
| क.प्र०२-००१ब३७२ | ११०० |
| भे१ब१०६३ | ८०० |
| क.प्र०२-००१ब३७१ | ११०० |
| भे१ब ६७६ | ५५० |
| भे१ब१०६० | २१५ |
| भे१ब१०५८ | २१५ |
| भे१ब६६७ | ५५० |
| भे१ब१०६५ | २१५ |
| क प्र०२-००१ब०२९० | ५५० |
| क .प्र०२-००१ब०३७० | ८६० |
| क .प्र०२-००१ब०१०५ | २७५ |
| भे१ब१०५७ | २१५ |
| क.प्र०२-००१ब००४७ | ११०० |
| रा १ ब ९२६ | २१५ |
| भे१ब१०६४ | २१५ |
| भे१ब१०५९ | २१५ |
| रा१ब९२५ | २१५ |
| भे१ब१०६१ | २१५ |
| भे१ब १०६६ | ४३० |
| जम्मा | १०,३५० |

| | |
|---|---|
| अनियमित भएको | १०,३५० |

८० **राजश्व दाखिला**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ उपदफा (१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा सोको भोलीपल्ट दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । पालिकाले एम्बुलेन्स सेवा संचालन गर्दा नगदी रसिदबाट राजश्व उठाउने गरेकोमा निम्न रसिद नं ९०७ को मिति २०८१।०१।१२ मा असुल भएको रकम रु. ९०००।- बैङ्क दाखिला गरेको देखिएन । उक्त रकम असुल गरी दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,००० |

८१ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(३) र (४) बमोजिम पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तालुक कार्यालयमा पठाएपछि सोको सम्बन्धमा कुनै निर्देशन पठाएमा सो समेत बिचार गरी लिलाम बिक्री गर्नुपर्ने सामान ६

महिनाभित्र र मर्मत सम्भार गर्नुपर्ने भए ३ महिनाभित्र लिलाम बिक्री वा मर्मत सम्भार गरिसक्नुपर्ने उल्लेख छ ।यस पालिकाले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत तथा लिलाम गर्नुपर्ने भनी उल्लेख गरिएका निम्न जिन्सी मालसामानहरु लेखारीक्षणको क्रममा मर्मत तथा लिलाम गरेको पाइएन।अत: जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम गर्नुपर्ने भनी उल्लेख भएका सामानहरुको लिलाम गर्नुका साथै मर्मत गर्नुपर्ने भनी उल्लेख गरिएका सामानहरु समयमै मर्मत गरी प्रयोगमा ल्याउनु पर्दछ।

| **विवरण** | **मर्मत गर्नुपर्ने संख्या** | **लिलाम गर्नुपर्ने संख्या** |
|---|---|---|
| मोटरसाइकल, | २ | ७ |
| डेस्कटप कम्प्युटर | ११ | १ |
| ल्यापटप | २१ | ३ |
| काठटेबुल | ११ | १ |
| टि-टेबुल | | १ |
| स्टिल दराज | २ | |
| दराज | २ | |
| प्रिन्टर | ९ | १ |
| फोटोकपी मेशिन | ८ | १ |
| जेरेनेटर | २ | |
| सोफासट | | १ |
| मोवाइल | ८ | |

८२ **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरणका लागि पहिलो, दोस्रो, तेस्रो र चौथो त्रैमासिक किस्ता वापतको कुल रकम रु.१३,७३,००,६६६।- विद्युतीय भुक्तानी प्रणालीमार्फत् सम्बन्धितको खातामा पठाईएको देखिन्छ ।

८२.१ **विवरणको समिक्षा**: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद- ७ दफा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित नगरसभामा पेश गर्नुपर्ने, स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था छ।पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी यस कार्यविधि बमोजिमको समिक्षा गरेको पाइएन।कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ।

८२.२

**अभिलेख अद्यावधिक** : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१) मा उल्लेखित समयावधि भित्र सम्बन्धित पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको ५ को उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन।तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बनगाड कुपिण्डे नगरपालिका, सल्यान , बनगाँड कुपिण्डे नगरपालिका , सल्यान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Jagat Bahadur Gharti | २०७९-११-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Dinesh Bhandari | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २४५,३१२ | २,६२४,२३४ | २,७१७,५५२ | ० | ० | ७८१,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६,३६८,०९८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १५,३०० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६,३५२,७९८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १८५५६८२८२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३८६१६४६२३ | **चालु खर्च** | ३६४३९६५५१ |
| **प्रदेश सरकारबाट अनुदान** | ४६८८९९७५ | **पूँजीगत खर्च** | १९३३५४१०३ |
| **राजश्व बाँडफाँट** | १२०९३८२९३ | **वित्तीय/अन्य व्यवस्था** | १७२२७४३०७ |
| **आन्तरिक आय** | ६४७३४४५.० | | |
| **अन्य आय** | १५२३८३१४५ | | |
| **कुल आय** | ७१२८४९४८१ | **कुल खर्च** | ७३००२४९६१ |
| **बाँकी मौज्दात** | | १६८३९२८०२ | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वियनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकास रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।